# विधायन समितिद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाउँपालिका

**मालिका गाउँपालिका**

**अर्खावाङ्ग, गुल्मी**

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

## पृष्ठभूमी

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यन्वयन गर्न संघ, प्रदेस र स्थानीय तह विचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र  दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखिनै सुदृणिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृण गरि स्थानीय तहमा विधायकि, कार्यकारिणि र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकार संचालन ऐन- २०७४ बनेको हो।

**नीतिगत व्यवस्थाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ ले निर्दृष्ट गरेको समिति, उप-समिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था बमोजिम कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उप समिति गर्ने व्यवस्था र दफा २२ अन्तरगत समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम यस विधायन समिति गठन भएको हो।

**समितिको काम, कर्तव्य र अधिकार :**

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने वडा कार्यालय वा शाखा कार्यालय वा अन्य निकाय संग सम्वन्धीत विधेयक उपर दफावार छलफल गरी सो सम्वन्धी प्रतिवेदन पेश गर्ने,

(ख) गाउँ अन्तरगतका वडा कार्यालय वा निकायको नीति तथा कार्यक्रम, स्रोत व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(ग) टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(घ) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तरगत बनाईएका ऐन, नियम, संविधानमा उल्लेखित एक अधिकार र साझा अधिकार संग सम्बन्धीत छन वा छैनन् भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित स्थानीय सरकारलाई आवश्यक निर्देशन दिने।

(ङ) संविधान बमोजिम आफ्नो अधिकारको विषयमा पर्ने वा नपर्ने एकिन गरी गर्ने,

(च) अनुसूची-९ को विषयमा स्थानीय कानून निर्माण गर्दा त्यस्तो विषयमा सङ्घीय तथा प्रदेश कानूनको प्रतिकुल नहुने गरी निर्माण गर्न सभालाई सहयोग गर्ने,

(छ) अन्तर सरकार क्षेत्रमा हुने वस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कुनै किसिमको भेदभाव गर्ने गरी स्थानीय कानुन निर्माण नगर्न सभालाई सचेत गराउने,

(ज) सभा वा कार्यपालिकाले एक-आपसमा बाझिने गरी स्थानीय कानुन निर्माण नगर्न राय-सुझाव दिने,

(झ) सभा वा कार्यपालिकाद्वारा बन्ने कानुन, स्वच्छ, न्यायपुर्ण तथा तर्क सङ्गत हुने वा नहुने भन्ने विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने,

(ञ) निर्माण गर्न लागीएका स्थानीय कानून व्यवहारीक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने वा नसक्ने भन्ने विषयमा कार्यपालिका तथा सभालाई राय सल्लाह दिने,

(ट) कानून कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना छ वा छैन अध्ययन तथा अनुसन्धान गर्ने र उपयुक्त निकास दिने,

(ठ) अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश, नजिर के-कस्ता छन् अध्ययन अनुसन्धान गरी कार्यपालिका र सभालाई जानकारी गराउने,

ड) नेपाल सरकार, संघीय संसद, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा संविधान बमोजिम नमुना कानून वा आधारभूत कानूनको व्यवस्था गरेकोमा त्यस्तो विषयको खोज विन गरी सभा वा कार्यकारिणी लाई जानकारी गराउने,

(ढ) नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता, सन्धि तथा सम्झौताका बारेमा पहिचान गर्ने,

(ण) विषयगत शाखाबाट आवश्यताको पहिचान गर्न सहयोग पुर्‍याउने,

(त) आर्थिक प्रशासन शाखा तथा कानून शाखाबाट सैद्धान्तिक सहमति, राय तथा सुझाव लिनका लागि सहयोग पुर्‍याउने,

(थ) कार्यपालिकाबाट सैद्धान्तिक सहमति लिने समयमा कार्यपालिकालाई
सैद्धान्तिक जानकारी गराउने,

(द) विधेयक समितिले जनताको आवश्यकता र समयानुकूल विधेयकको पहिलो विधेयकको मस्यौदा तयार गर्ने,

(ध) पहिलो मस्यौदा उपर सबै वडा तथा सम्बन्धित विषयगत शाखा र अन्यसरोकारवालाहरु बाट राय सुझाव सङ्कलन गरी परिमार्जित मस्यौदा तयार गर्ने,

न) परिमार्जित मस्यौदा उपर आर्थिक शाखा र कानून शाखाको राय-सुझाव लिई अन्तिम बैठकमा पेश गर्ने समय सम्म सहयोग गर्ने,

(प) विधेयक समितिमा छलफल तथा प्राप्त राय, सल्लाह र सुझाव समेत समेटी कार्यपालिकाबाट पारित गराउँदा समेत सहयोग गर्ने,

(फ) अध्यक्ष सम्बन्धित विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको सदस्यबाट विधेयक सभामा पेश गर्ने,

(ब) सभाका सदस्यहरुलाई विधेयक वितरण गर्ने,

(भ) विधेयक माथि सभामा सामान्य सैद्धान्तिक छलफल गराउन विधेयक परिमार्जित सभामा पेश गर्ने,

(म) विधेयक माथि थप छलफलका लागि पुनः समितिमा लैजाने वा सभाको पूर्ण बैठकमा दफावार छलफलमा समिति मार्फत लैजाने र विधेयकलाई परिमार्जित गरी सभामा प्रस्तुत गर्ने,

**गाउँपालिकामा कानून निर्माणको स्थितिः**

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहको निर्माण पछि मालिका गाउँपालिकाको विधायन समितिमा छलफल भै ९९ वटा कानूनहरु कार्यपालिका तथा गाउँसभावाट स्वीकृत भएका छन।

| क स | कानून निर्माण | सभाबाट स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १ | मालिका गाउँपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधी २०७४ | २०७४।४।१८ | २०७४।४।२५ |
| २ | मालिका गाउँकार्यपालिकाको निर्णय वा आदेश र प्रमाणीकरण नियमावली २०७४ | २०७४।४।१८ | २०७४।४।२५ |
| ३ | मालिका गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पदान नियमावली) २०७४ | २०७४।४।१८ | २०७४।४।२५ |
| ४ | गाउँकार्यपालिका कार्यविभाजन नियमावली २०७४ | २०७४।४।१८ | २०७४।४।२५ |
| ५ | करार सेवामा कर्मचारी व्यवस्थापन गर्न परिक्षा संचालन सम्बन्धि कर्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| ६ | उपभोक्ता समिति वा लाभग्राही समुहबाट योजना सञ्चालन निर्देशिका २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| ७ | निसुल्क स्वास्थ्य सिविर सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७४ | २०७५।।२।२ | २०७५।।२।९ |
| ८ | सुत्केरी पोषण कार्यक्रम कार्यन्वय कार्यविधी २०७४ | २०७५।।२।२ | २०७५।।२।९ |
| ९ | मालिका गाउँपालिकाको मर्मत संभार सञ्चालन कार्यविधी २०७५ | २०७५।१।१४ | २०७५।१।२६ |
| १० | आयुर्वेद गाउँघर किल्निक तथा नसर्ने रोग व्यवस्थापन तथा सञ्चालन कार्यविधी २०७५ | २०७५।।२।२ | २०७५।।२।९ |
| ११ | सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन तथा सञ्चालन कार्यविधी २०७४ | २०७५।।२।२ | २०७५।।२।९ |
| १२ | गाउँसभा सञ्चालन सम्वन्धि कार्यविधी २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| १३ | विपन्न जनता आवास कार्यक्रम कार्यन्वय कार्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| १४ | आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| १५ | प्राविधिक कर्मचारी फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०७४ | २०७५।१।१४ | २०७५।१।२४ |
| १६ | नदिजन्य पदार्थ व्यवस्थान कार्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| १७ | मालिका गाउँपालिकाको अनुगमन मुल्याङ्कन सम्वन्धि कार्यविधि २०७४ | २०७५।१।१४ | २०७५।१।२४ |

| | | | |
|---|---|---|---|
| १८ | गाउँपालिका द्वारा गरिने बजार अनुगमन सम्बन्धि कार्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| १९ | मालिका गाउँपालिका कार्यसम्पादन नियमावली २०७४ | २०७४।५।१८ | २०७४।५।२७ |
| २० | मालिका गाउँपालिकाको विपद कोष व्यवस्थापन कार्यविधि २०७४ | २०७४।१०।१९ | २०७४।१०।२८ |
| २१ | उत्पादक वा अधिकृत विक्रेता द्वारा निर्धारित दरमा (क्याटल सपिङ्ग) खरिद गर्ने कार्यविधि २०७४ | २०७४।४।२६ | २०७४।५।२ |
| २२ | मालिका गाउँपालिका शिक्षा नियमावली २०७५ | २०७५।१।९ | २०७५।१।१७ |
| २३ | मालिका गाउँपालिकाका पदाधिकारीहरुको आचरसंहिता २०७४ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| २४ | मालिका गाउँपालिका बजार अनुगमन तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७४।१०।१९ | २०७४।१०।२७ |
| २५ | मालिका गाउँपालिका खरिद नियामवली २०७५ | २०७५।६।३ | २०७५।६।११ |
| २६ | अपाङ्ग परिचय पत्र वितरण सम्बन्धि कार्यविधि २०७६ | २०७६।२।३ | २०७६।२।९ |
| २७ | मालिका गाउँपालिका भुमिहिन तथा सुकुम्वासि व्यवस्थापन कार्यविधि २०७७ | | |
| २८ | मालिका गाउँपालिकाको विपन्न दलित तथा अल्पसख्याक समुदाय स्वास्थ्य विमा कार्यक्रम सञ्चालन कार्यविधि २०७६ | २०७६।५।२५ | २०७६।६।३ |
| २९ | मालिका गाउँपालिकाको स्थानीय सामाजिक विकास विधेयक २०७६ | २०७६।५।२५ | २०७६।६।३ |
| ३० | मालिका गाउँपालिकाको पशुसेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७६ | २०७६।७।२ | २०७६।७।९ |
| ३१ | मालिका गाउँपालिकाको लेखा समिति कार्यविधि २०७५ | २०७५।७।१५ | २०७५।७।२३ |
| ३२ | मालिका गाउँपालिका साझेदारी विकास कोष सञ्चालन कोष कार्यविधि २०७६ | २०७६।७।२ | २०७६।६।३ |
| ३३ | मालिका गाउँपालिका भुमिहिन तथा सुकुम्वासी वस्ति विकास कार्यविधि २०७७ | २०७७।५।१७ | २०७७।५।२२ |
| ३४ | मालिका गाउँपालिका कोरोना भाइसर कोभिड-१९ विपद व्वयस्थापन राहत वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ | २०७६।१२।१८ | २०७६।१२।२५ |
| ३५ | साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ | २०७६।३।९ | २०७६।३।१७ |
| ३६ | तालिम तथा बैठकमा दिईने पारिश्रमिक तथा भत्ता सम्बन्धि कार्यविधि २०७६ | २०७६।४।३१ | २०७६।५।७ |
| ३७ | विद्यालय, सहकारी संस्था तथा सामुदायिक सस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि निर्देशिका, २०७६ | २०७६।४।३१ | २०७६।५।७ |
| ३८ | मालिका गाउँपालिका समाज कल्याण परिषद सञ्चालन कार्यविधि २०७७ | २०७७।५।१७ | २०७७।५।२२ |
| ३९ | मालिका गाउँपालिका खानेपानी संस्थान सञ्चचालन कार्यविधि २०७७ | २०७७।५।१७ | २०७७।५।२२ |
| ४० | मालिका गाउँपालिका माईक्रो समस्या समाधान कार्यविधि २०७७ | २०७७।४।२० | २०७७।४।२७ |

| | | | |
|---|---|---|---|
| ४१ | व्यवसायीक ऋणको लागि ब्याज अनुदान कार्यविधि २०७७ | २०७७।४।२० | २०७७।४।२७ |
| ४२ | व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि २०७७ | २०७७।४।२० | २०७७।४।२७ |
| ४३ | मालिका गाउँपालिका सार्वाजानिक यातयात पहुचँ सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७७ | २०७७।५।१७ | २०७७।५।२८ |
| ४४ | प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०७५ | २०७५।७।१५ | २०७५।७।२३ |
| ४५ | मालिका गाउँपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७५।९।२९ | २०७५।१०।८ |
| ४६ | मालिका गाउँपालिका विनियोजन ऐन २०७४ | २०७४।५।१८ | २०७४।५।२८ |
| ४७ | मालिका गाउँपालिका आर्थिक ऐन २०७४ | २०७४।५।१८ | २०७४।५।२८ |
| ४८ | मालिका गाउँपालिका सहकारि ऐन २०७४ | २०७५।१।११ | २०७५।१।१९ |
| ४९ | मालिका गाउँपालिकाको कृषी व्यवसाय प्रवर्द्धन ऐन २०७४ | २०७५।१।११ | २०७५।१।१९ |
| ५० | मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ | २०७५।१।११ | २०७५।१।१९ |
| ५१ | मालिका गाउँपालिका शिक्षा ऐन २०७५ | २०७५।६।२१ | २०७५।६।२७ |
| ५२ | मालिका गाउँपालिका विनियोजन ऐन २०७५ | २०७५।३।२५ | २०७५।४।१ |
| ५३ | मालिका गाउँपालिका आर्थिक ऐन २०७५ | २०७५।३।२५ | २०७५।४।१ |
| ५४ | मालिका गाउँपालिका विनियोजन ऐन २०७६ | २०७६।३।१० | २०७६।३।१९ |
| ५५ | मालिका गाउँपालिका आर्थिक ऐन २०७६ | २०७६।३।१० | २०७६।३।१९ |
| ५६ | मालिका गाउँपालिका विनियोजन ऐन २०७७ | २०७७।३।१० | २०७७।३।१९ |
| ५७ | मालिका गाउँपालिका आर्थिक ऐन २०७७ | २०७७।३।१० | २०७७।३।१९ |
| ५८ | मालिका गाउँपालिका विनियोजन ऐन २०७८ | २०७८।३।१० | २०७८।३।१९ |
| ५९ | मालिका गाउँपालिका आर्थिक ऐन २०७८ | २०७८।३।१० | २०७८।३।१९ |
| ६० | स्थानीय मदिरा तथा खुर्पानी ब्राङ्डिङ्ग तथा विक्रि वितरण ऐन २०७८ | २०७८।३।१० | २०७८।३।१९ |
| ६१ | मालिका गाउँपालिका विनियोजन ऐन २०७९ | २०७९।३।१० | २०८९।३।२१ |
| ६२ | मालिका गाउँपालिका आर्थिक ऐन २०७९ | २०७९।३।१० | २०७९।३।२१ |
| ६३ | टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७९ | २०७९।९।२० | २०७९।१०।०५ |
| ६४ | खानेपानी उपभोक्ता समिति व्यसव्थापन कार्यविधि, २०७९ | २०७९।९।१० | २०७९।१०।०५ |
| ६५ | साझेदारी ऐन, २०७९ | २०७९।३।२१ | २०७९।३।२१ |
| ६६ | गाउँपालिका बाट वितरण गरिने सामाग्री सम्बन्धी कार्यविधि, २०७९ | २०७९।३।३१ | २०७९।०४।०७ |
| ६७ | मालिका गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९ | २०७९।९।२० | २०७९।१०।०५ |

| | | | |
|---|---|---|---|
| ६८ | सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधी-२०७९ | २०७९।११।१२ | २०७९।१२।०४ |
| ६९ | खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि-२०७९ | २०७९।०९।१० | २०७९।१०।०५ |
| ७० | कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धि कर्यविधि-२०७९ | २०७९।०९।१० | २०७९।१०।०५ |
| ७१ | मालिका गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यसंचालन कार्यविधि-२०७९ | २०७९।०२।१४ | २०७९।०२।२१ |
| ७२ | मालिका गाउँपालिकाको योजना तथा सुशासन समिति गठन तथा संचालन कार्यविधी-२०७९ | २०७९।०९।२९ | २०७९।१०।०५ |
| ७३ | विषयगत समिति कार्यसंचालन कार्यविधि-२०७९ | २०७९।११।१२ | २०७९।१२।०४ |
| ७४ | मालिका गाउँपालिका घरवाहल कर व्यवस्थापन कार्यविधी-२०८० | २०८०।०३।०४ | २०८०।०३।२१ |
| ७५ | मालिका गाउँपालिकाको भू- उपयोग सम्बन्धि कार्यविधि-२०७९ | २०८०।०३।०४ | २०८०।०३।२१ |
| ७६ | मालिका गाउँपालिकाको विपद कोष व्वयस्थापन कार्यविधी-२०७९ | २०८०।०३।०४ | २०८०।०३।२१ |
| ७७ | घ वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धि कार्यविधी-२०७९ | २०७९।३।३१ | २०७९।०४।०७ |
| ७८ | मालिका गाउँपालिकाको संचित कोषको आन्तरिक लेखा परिक्षण सम्बन्धी कार्यविधि २०८० | २०८०।०३।०५ | २०८०।०३।२१ |
| ७९ | मालिका गाउँपालिकाको मेलमिलाप केन्द्र संचालन कार्यविधी-२०८० | २०८०।०३।०४ | २०८०।०३।२१ |
| ८० | स्थानीय तहको योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधी-२०८० | २०८०।०३।०४ | २०८०।०३।२१ |
| ८१ | मालिका गाउँपालिकाको प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन-२०८० | २०८०।०३।०९ | २०८०।०३।२१ |
| ८२ | मालिका गाउँपालिकाको वातरवरण तथा प्राकृतिक श्रोत संरक्षण गर्ने सन्बन्धमा बनेको ऐन-२०८० | २०८०।०३।०९ | २०८०।०३।२१ |
| ८३ | मालिका गाउँपालिकाको आर्थिक ऐन-२०८० | २०८०।०३।१३ | २०८०।०३।२१ |
| ८४ | मालिका गाउँपालिकाको विनियोजन ऐन-२०८० | २०८०।०३।१३ | २०८०।०३।२१ |
| ८५ | मालिका गाउँपालिका कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका-२०८० | | |
| ८६ | प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धि कार्यविधि-२०८० | | |
| ८७ | मालिका गाउँपालिका सेमी छात्रवास कार्यक्रम सञ्चालन कार्यविधी २०८० | | |
| ८८ | कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारीत अनुदान सम्बन्धि कार्यविधि, २०८० | | |
| ८९ | मालिका गाउँपालिकाको करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधी-२०८० | | |

| | | | |
|---|---|---|---|
| ९० | मालिका गाउँपालिकाको शैक्षिक छात्रवृति वितरण सम्बन्धी कार्यविधी-२०८० | | |
| ९१ | मालिका गाउँपालिका शिक्षा नियमावली-२०७४ (प्रथम संसोधन-२०८०) | | |
| ९२ | संक्षिप्त वातवरणिय अध्ययन तथा प्रारम्भिक वातावरण परीक्षण कार्यविधि-२०८० | | |
| ९३ | यूवा क्लव गठन तथा यूवा संसद सञ्चालन कार्यविधी २०८० | | |
| ९४ | मालिका रनिङ्ग शिल्ड प्रतियोगिता संचालन कार्यविधि-२०७९ (प्रथम संसोधन २०८०) | | |
| ९५ | मालिका गाउँपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्सहान सम्बन्धी कार्यविधि २०८० | | |
| ९६ | मालिका गाउँपलिकाको प्रोत्सहान तथा सम्मान पुरुस्कार कार्यक्रम (उत्कृष्ठ कृषक उद्यमी) कार्यान्वयन कार्यविधि २०८० | | |
| ९७ | माहिला संजाल गठन तथा परिचालन गठन कार्यविधि, २०८०। | | |
| ९८ | पहोलो बेद ब्याउने भैसिलाई सुत्केरी भत्ता वितरण सम्बन्धि कार्यविधी २०८०। | | |
| ९९ | जेष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८०। | | |

माथि उल्लेखित ९९ वटा कानूनहरु मध्ये चालू आर्थिक वर्ष २०८०।०८१ मा गाउँ कार्यपालिका तथा गाउँसभाको बैठकबाट १५ वटा कानून निर्माण भएको छ। उल्लेखित कानूनहरुको मस्यौदाहरु कार्यपालिका, गाउँसभाबाट छलफलको लागि विभिन्न विषयगत समिति हुदै विधायक समितिमा वृहत छलफल, सैद्धान्तिक सहमति, राय, सुझाव संकलन गरी परिमार्जित मस्यौदा तयार गरि पुन सम्बन्धि गाउँ कार्यपालिका वा गाउँसभामा पेस गर्ने गरिएको छ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन-२०७४ ले स्थानीय तहलाई प्रत्यायोजन गरेका विभिन्न अधिकारहरुको उच्चतम प्रयोग गर्दै सिमिति श्रोत र साधनको विच मालिका गाउँपालिकाले ९९ वटा कानूण निर्माण गर्नु आफैमा गौरवन्दित छ, यद्यपी हाल सम्म निर्माण गरिएका कानूनहरु निर्माण गर्दा भएका केहि प्राविधिक एव कानूनी जटिलता यस गरिमामय सभामा पेस गर्ने अनुमति चाहान्छु।

स्थानीय तहमा कानून निर्माणको लागि दक्ष जनशक्ति उपलब्ध हुन नसक्नु प्रमुख समस्या रहेको छ भने अर्को तर्फ नेपालको संविधानमा उल्लेख गरिएको स्थानीय तहका एकल अधिकार सम्बन्धमा स्पष्ट एकल अधिकार प्रत्यायोजन नगरिएको, साझा अधिकार सम्बन्धमा अधिकांस कानून निर्माण गर्दा संघ तथा प्रादेशिक कानूनहरु

आकर्षित हुनु जसले गर्दा स्थानीय तहलाई स्वायत्त सरकार भनिएता पनि कानून र निर्णय गर्ने अधिकार सम्बन्धमा संघ तथा प्रदेशका कानूनहरु आकर्षित हुदाँ नागरिकहरुलाई सोचे अनुरुप सेवा प्रवाह गर्न नसकिएको अवस्था छ। साथै गाउँपालिकाबाट जारी हुनु अघि अनिर्वाय रुपमा विधायन समितिमा सैद्धान्तिक छलफल, राय र सुझाव पछि मात्र कानूनहरु सम्बन्धित कार्यपालिका तथा गाउँसभाबाट अनुमोदन हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था भए पनि सोहि अनुसार हुन नसकेको हुदाँ गाउँपालिकाबाट जारी गरिएका केहि कानूनहरु स्थानीय राजपत्रमा समेत प्रकाशन गर्न कठिनाई भएको देखिन्छ।

समस्या समस्याकै बाबजुद यस मालिका गाउँपालिकाले हाल सम्म १०० वडा कानूनहरु निर्माण गरि अक्षरांस कार्यान्वयन गर्नु स्थानीय तहको शौन्दर्य (Beauty) रहेको मैले महशुस गरेको छु। साथै स्थानीय तहमा कानून निर्माण सम्बन्धि दक्ष जनशक्ति, संघ तथा प्रादेशिक कानूनको जटिलता तथा नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐनको अक्षरांस पालना गर्न सके नेपालको संविधानले परिकल्पना गरेको स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यन्वयन गर्न संघ, प्रदेस र स्थानीय तह विचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई उच्चतम संस्थागत गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु।

अन्तमा मालिका गाउँपालिकाका हाल सम्म निर्माण गरिएका कानूनहरु निर्माण गर्न सहयोग गर्नुहुने मालिका गाउँसभा, गाउँ कार्यापलिका, विभिन्न विषयगत समिति/उप समितिहरु, कानुन विज्ञ, शाखा, कर्मचारी, कानून कार्यान्वयन गर्न सहयोग गर्ने सम्पुर्ण मालिका वासि र यस विधायन समितिमा रहेर सहयोग गर्नुहुने समितका सदस्य एव सदस्य सचिवलाई हृदय देखि धन्यवाद दिन चाहान्छु।

**धन्यवाद।**



मालिका गाउँपालिका

# विधायन समितिका पदाधिकारीको विवरण

| | |
|---|---|
| संयोजक | श्री नारायण प्रसाद अर्याल |
| सदस्य | श्री विनोद श्रीष |
| सदस्य | श्री लक्ष्मी के.सी. |
| सदस्य सचिव | श्री जगत बहादुर पौडेल |

मालिका गाँउपालिका